<u>बैठक संख्या: ७१</u>

आज मिति २०८२ साल मंसिर ९ गते मंगलबार दिनको १:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | |
| १३ | सदस्य (वडा नं. ११) का.वा. | श्री ~~शिव कुमार थापा~~ प्रताप कुमार तामाङ | |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २० | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २१ | सदस्य | श्री बिक्रम भुजेल | |
| २२ | सदस्य | श्री कमला परियार | |
| २३ | सदस्य | श्री रवीन्द्र सुनार | |
| २४ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | |
| २५ | प्रशासकीय अधिकृत | श्री उज्जवल खतिवडा | |

-:: छलफलका विषयहरू ::-

१) मातृशिशु स्याहार कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा।

२) बनेपा नगरपालिका क्षेत्र भित्रको सामुदायिक विद्यालयहरूको लेखा परीक्षक तोक्ने सम्बन्धमा।

३) टोल विकास संस्था दर्ता तथा परिचालन सम्बन्धी कार्यविधि,२०८१ संशोधन सम्बन्धमा।

४) विविध।

-:: निर्णयहरू ::-

निर्णय नं. १

गत आर्थिक वर्ष २०८१/०८२ मा बनेपा नगरपालिका र शिर मेमोरियल अस्पतालबीच सेवा करार सम्झौता भई संचालनमा आएको आमा सुरक्षा (मातृशिशु स्याहार) कार्यक्रमको बाँकी रकम संघीय सरकारले उपलब्ध गराएको बजेटबाट भुक्तानी दिने।

निर्णय नं. २

बनेपा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको गत आर्थिक वर्ष २०८१/०८२ को लेखा परीक्षण गर्न तपसिल बमोजिम लेखा परीक्षकहरू तोक्ने।

तपसिलः

| क्र.सं. | विद्यालयको नाम | लेखा परीक्षकको संस्थाको नाम | लेखा परीक्षक |
|---|---|---|---|
| १. | अरूणोदय आ.वि. | एम.पन्त एण्ड एशोसिएट्स | माधव प्रसाद पन्त |
| २. | आजाद मा.वि. | सापकोटा एण्ड एशोसिएट्स | सत्यनारायण सापकोटा |
| ३. | आदर्श बाल विकास केन्द्र | एम.पन्त एण्ड एशोसिएट्स | माधव प्रसाद पन्त |
| ४. | चण्डेश्वरी मा.वि. | सुवास आचार्य एण्ड एशोसिएट्स | सुवास आचार्य |
| ५. | देवीटार आ.वि. | निर्मला एण्ड एशोसिएट्स | निर्मला श्रेष्ठ |
| ६. | धर्मज्योति आ.वि. | एम.पन्त एण्ड एशोसिएट्स | माधव प्रसाद पन्त |
| ७. | नन्दादेवी आ.वि. | आर.सी. एशोसिएट्स | रामचन्द्र दाहाल |
| ८. | बनेपा प्रा.वि. | जीत श्रेष्ठ एण्ड एशोसिएट्स | जीत बहादुर श्रेष्ठ |
| ९. | भक्तेश्वर गोसाईंकुण्ड मा.वि. | एस.एन.आचार्य एण्ड एशोसिएट्स | सुरेन्द्र नाथ आचार्य |
| १०. | महाँकाल आ.वि. | सापकोटा एण्ड एशोसिएट्स | सत्यनारायण सापकोटा |
| ११. | महेन्द्र मा.वि. | जीत श्रेष्ठ एण्ड एशोसिएट्स | जीत बहादुर श्रेष्ठ |
| १२. | रत्नचुण्डेश्वर मा.वि. | के.पी. पोखरेल एण्ड एशोसिएट्स | केशव प्रसाद पोखरेल |
| १३. | सपनेश्वर मा.वि. | एन.पी. भट्टराई एण्ड एशोसिएट्स | नित्य प्रसाद भट्टराई |
| १४. | सुन्दरीमाई आ.वि. | बि. शर्मा एण्ड एशोसिएट्स | बद्री प्रसाद शर्मा |
| १५. | जागृति आ.वि. | शिपखान एण्ड एशोसिएट्स | नानी बाबु शिपखान |
| १६. | चक्रज्योति मा.वि. | सापकोटा एण्ड एशोसिएट्स | सत्यनारायण सापकोटा |
| १७. | नैमिषारण्य संस्कृत गुरूकुलम | जे. पण्डित एण्ड एशोसिएट्स | जनार्दन पण्डित |
| १८. | शुभ चामुण्डा मा.वि. | ओली एशोसिएट्स | नीम बहादुर वली |
| १९. | श्वेत वराह मा.वि. | राजु के.सी. एण्ड एशोसिएट्स | राजु के.सी. |

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

प्रमुख

| | | | |
|---|---|---|---|
| २० | काभ्रे बहिरा मा.वि. | श्री कुसमा एण्ड एशोसिएट्स | दया राम कुसमा |
| २१. | शिक्षा सदन मा.वि. | एच.के.अधिकारी एण्ड एशोसिएट्स | हरि केशव अधिकारी |
| २२. | चैतन्य मा.वि. | पि.पि.आचार्य एण्ड एशोसिएट्स | पदम प्रसाद आचार्य |
| २३. | जनज्योति मा.वि. | विष्णुप्रसाद तिमल्सिना एण्ड एशोसिएट्स | विष्णु प्रसाद तिमल्सिना |
| २४. | सरस्वति आ.वि. | जीत श्रेष्ठ एण्ड एशोसिएट्स | जीत बहादुर श्रेष्ठ |
| २५. | प्रभात आ.वि. | एम.पन्त एण्ड एशोसिएट्स | माधव प्रसाद पन्त |
| २६. | प्रगति बालविकास केन्द्र | एच.के.अधिकारी एण्ड एशोसिएट्स | हरि केशव अधिकारी |
| २७. | हिमालय मा.वि. | ओली एशोसिएट्स | नीम बहादुर वली |
| २८. | गणेश भारती मा.वि. | एम.पन्त एण्ड एशोसिएट्स | माधव प्रसाद पन्त |

निर्णय नं. ३

बनेपा नगरपालिका विधायन समितिमा छलफल भई पेश हुन आएको टोल विकास संस्था दर्ता तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१ देहाय बमोजिम हुनेगरी संशोधन गर्ने।

| भएको व्यवस्था | | संशोधनको व्यहोरा |
|---|---|---|
| परिच्छेद-२ को दफा-३ को खण्ड (क) | कार्यसमितिमा ७ (सात) देखि ९ (नौ) सदस्य रहने। | कार्यसमितिमा टोल भेलाबाट निर्णय भए बमोजिमका सदस्य रहने। |
| दफा-२ को खण्ड (ज) | संयोजक भन्नाले दफा-३ बमोजिम गठन भएको संसथाको संयोजकलाई बुझाउँने छ। | संयोजक भन्नाले दफा-३ बमोजिम गठन भएको संस्थाको संयोजकलाई बुझाउँने र भेलाले कार्यसमितिको संयोजकलाई अध्यक्ष भनी उल्लेख गरेको भए संयोजक र सो समितिको अध्यक्षलाई एउटै रूपमा बुझिनेछ वा समितिको कार्यसमितिको अध्यक्ष भन्ने शब्दले संयोजकलाई बुझाउँने छ। |
| परिच्छेद-५ को दफा (८) | खाता संचालन कार्यसमितिका सदस्यहरू बाहेक टोल भेलाले निर्णय गरेको तीनजनामध्ये भन्ने वाक्यांशमा | खाता संचालन कार्यसमितिका सदस्यहरू बाहेक भन्ने वाक्यांश हटाइएको छ। |
| परिच्छेद-४ को दफा (६) मा दफा (६)(१) थप | | टोल विकास संस्थाको आफ्नो क्षेत्रभित्र कुनै सरकारी निकायबाट योजना तथा कार्यक्रमका लागि बजेट विनियोजन भएमा सम्बन्धित वडा कार्यालयको निर्देशन र रोहवरमा त्यस्ता योजना तथा कार्यक्रमका लागि तोकिए बमोजिम समितिहरू गठन गरी कामकाज गराउँने, त्यस अनुगमन तथा निगरानी गरी आवश्यक भए सम्बन्धित निकायमा सो सम्बन्धमा जानकारी गराउँने। |

प्रमुख प्रशासकीय अधिकृत उपप्रमुख प्रमुख

| | | |
|---|---|---|
| दफा-२८ थप | | टोल भेला तथा टोल विकास संस्थाको कार्यसमितिको बैठकमा टोलभित्र गठन भएका बालबालिका सम्बन्धी कुनै समिति वा क्लव भए बालक र बालिका १-१ जना गरी २ जना बालबालिकालाई आमन्त्रण गर्नुपर्नेछ साथै उक्त बैठक वा भेलामा समितिले आवश्यक ठानेका टोलभित्रका अन्य समिति, संघसंस्था वा सम्बन्धित अन्य पक्षलाई बोलाउन सक्ने। |
| परिच्छेद-४ को दफा-६ को खण्ड (ख) | टोलभित्र कुनैपनि स्थानमा स्थानीय बासिन्दाले गर्नेपर्ने जुनसुकै किसिमका निर्माण, मर्मत, संभार सम्बन्धी कामकाज गर्ने/गराउने तथा सोको आवश्यक व्यवस्था मिलाउने। | टोलभित्र कुनैपनि स्थानमा स्थानीय बासिन्दाले संस्थाकै आफ्नो कोषबाट वा टोलबासीको श्रमदान वा सहभागितामा गर्नुपर्ने कामकाज गर्ने वा गराउनका लागि आवश्यक प्रबन्ध मिलाउने। |

निर्णय नं. ४

बनेपा नगरपालिका आधरभूत स्वास्थ्य सेवा केन्द्र, बनेपा-४, नालाबाट गर्भवति अवस्थामा दिइने ANC Profile Test (Blood Grouping, Hb, RBS, HIV, VDRL, HBSAg, Anti HCB) सम्बन्धी परीक्षणहरू निःशुल्क उपलब्ध गराउने।

निर्णय नं. ५

बनेपा नगरपालिकालाई बालमैत्री स्थानीय शासन घोषणाका लागि तपसिल बमोजिम नेपाल सरकारले तयार गरेका कार्यविधि तथा निर्देशिकाहरू अनुमोदन गरी कार्यान्वयन गर्ने।

तपसिलः

क) बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९
ख) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८
ग) गुनासो सुनुवाई कार्यविधि, २०७४
घ) स्कूल बस निर्देशिका, २०७४

निर्णय नं. ६

बनेपा नगरपालिका राजस्व परामर्श समितिको मिति २०८२/०८/०९ गतेको देहाय बमोजिमको सिफारिस अनुमोदन गरी कार्यन्वयन गर्ने ।

क) बनेपा नगरपालिकाको स्वामित्वमा बनेपा-८ स्थित बसपार्कमा रहेको नयाँ सपिङ कम्प्लेक्स (पूर्वतर्फ)को भवनको पहिलो तल्लामा रहेका सटरहरु साविक बमोजिम नै र दोस्रो तल्लामा रहेका सटरहरूको

प्रमुख प्रशासकीय अधिकृत उपप्रमुख प्रमुख

प्रतिसटर मासिक बहाल रकम रू. १५०००/- ( पन्ध्र हजार) कायम गरी व्यक्तिगत निवेदनका आधारमा सम्झौता गरी अर्को ठेक्का बन्दोबस्त नहुञ्जेलसम्मको लागि बहालमा दिने निर्णय गरियो ।

ख) बनेपा नगरपालिकाको स्वामित्वमा बनेपा-८ स्थित बसपार्कमा रहेका पूराना भवनहरूमध्यको पश्चिम तर्फ रहेको भवनमा रहेका सटरहरूलाई सानो सटरको लागि प्रति सटर मासिक रू. ३०,०००/- (तीस हजार) र ठूलो सटरलाई मासिक रू. ४०,०००/- ( चालिस हजार) कायम गरी व्यक्तिगत निवेदनका आधारमा सम्झौता गरी अर्को ठेक्का बन्दोबस्त नहुञ्जेलसम्मको लागि बहालमा दिने निर्णय गरियो।

ग) बनेपा नगरपालिकाको स्वामित्वमा बनेपा-८ स्थित बसपार्कमा रहेको पार्किङ स्थलमा पार्किङ शुल्क असुल गर्नका लागि न्यूनतम कबोल अंक रू. १५,००,०००/- ( पन्ध्र लाख) कायम गरी मिति २०८२/०२/३० मा बोलपत्र आह्वान गरिएकोमा कुनैपनि बोलपत्रदाताले निवेदन पेश गर्न नआएको हुँदा अर्को निर्णय नभएसम्मको लागि नगरपालिकाको मौजुदा जनशक्तिबाट पार्किङ शुल्क संकलन गर्ने निर्णय गरियो।

निर्णय नं. ७

बनेपा नगरपालिका अन्तर्गत संचालित बनेपा आधारभूत नगर अस्पतालका लागि आवश्यक एकजना पाँचौ तहको फार्मेसी सहायक पदमा सेवा करारमा पदपूर्ति गर्न आवश्यक प्रक्रिया अघि बढाउने।

निर्णय नं. ८

आगामी नगरसभाबाट अनुमोदन गर्ने/गराउने गरी बनेपा नगरपालिका अन्तर्गत संचालित बनेपा आधारभूत नगर अस्पतालका लागि चालु आर्थिक वर्ष २०८२/०८३ को देहाय बमोजिम शीर्षकमा विनियोजित रकमलाई देहाय बमोजिम शीर्षकमा रकमान्तर गर्ने ।

| क्र.स. | हालको शीर्षक | रकमान्तर गरिएको शीर्षक |
|---|---|---|
| १. | नगर अस्पतालमा ऐक्सरे मेशिन खरिद तथा कक्ष निर्माण | नगर अस्पतालमा एक्सरे कक्ष निर्माण |

निर्णय नं. ९

आगामी नगरसभाबाट अनुमोदन गर्ने/गराउने गरी बनेपा नगरपालिका वडा नं. १० को चालु आर्थिक वर्ष २०८२/०८३ को देहाय बमोजिम शीर्षकमा विनियोजित नगरस्तरीय योजनालाई देहाय बमोजिम शीर्षकमा रकमान्तर गर्ने ।

| क्र.स. | हालको शीर्षक | रकमान्तर गरिएको शीर्षक |
|---|---|---|
| १. | जनज्योति मा.वि. खेलकूद मैदान | जनज्योति मा.वि. स्कुल व्यवस्थापन |

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

प्रमुख